आज मिति २०८१ बैशाख महिनाको २० गते विहिबार दिउसो ५:३० बजे जिल्ला सरकारी वकिल कार्यालय लमजुङमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १९४ बमोजिम महान्यायाधिवक्ताको कार्यालयबाट कार्यादेश सहित गठित समितिका संयोजक जिल्ला न्यायाधिवक्ता पूर्णबहादुर थापामगर ज्यूको अध्यक्षतामा समन्वय समितिको वैठक बसी उपस्थिति तथा निर्णयहरु तपसिल बमोजिम रहेको छन् ।

<u>उपस्थिति</u>

जिल्ला न्यायाधिवक्ता पूर्णबहादुर थापामगर – संयोजक

प्रमुख जिल्ला अधिकारी बुद्धबहादुर गुरुङ – सदस्य

डिभिजनल वन अधिकृत दिपकप्रसाद पण्डित – सदस्य

प्रहरी नायव उपरीक्षक मिनबहादुर घले – सदस्य

<u>आमन्त्रित सदस्यहरु:</u>

नायब सुब्बा दमन ओली

कम्प्युटर अपरेटर शान्ति गुरुङ

खरिदार सुनिता रायमाझी

कार्यालय सहयोगी शिलाकुमारी श्रेष्ठ

कार्यालय सहयोगी जगतबहादुर भाट

हलुका सवारी चालक मन्दिप श्रेष्ठ

प्रस्तावहरु:

१. फौजदारी न्याय प्रशासनसँग सम्बन्धित नयाँ कानुनी व्यवस्थाको बारेमा सुचना तथा जानकारी प्रवाह गर्ने सम्बन्धमा
२. म्याद तामेली सम्बन्धमा
३. साक्षी उपस्थित गराउने सम्बन्धमा
४. समितिले गरेका निर्णयहरुको जानकारी पठाउने सम्बन्धमा

निर्णयहरु:

१. सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संसोधन गर्न बनेको ऐन लगायतका नयाँ तथा संसोधित कानुनी व्यवस्थाको बारेमा जानकारी गराई सो बारेमा छलफल गरी सरकारी वकिल र अन्य निकायबीच समन्वय कायम गरी यी फौजदारी न्याय प्रशासन सँग सम्बन्धित संसोधित कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने
२. सरकारवादी फौजदारी मुद्दाहरुमा प्रतिवादीका नाउँमा जारी हुने पक्राउ पुर्जी, समाह्वान म्याद तथा साक्षीका नाउँमा जारी हुने पक्राउ पुर्जी छिटो, छरितो र रितपुर्वक तामेल तामेल गर्न समन्वयात्मक ढङ्गले कार्य गर्ने
३. जिल्ला अदालत तथा जिल्ला प्रशासन कार्यालयबाट साक्षी बकाउने आदेश भएकोमा साक्षीलाई तोकिएको मिति र समयमै उपस्थित गराउने, त्यसरी उपस्थित गराउन नसके कसुरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५ को नियम ३० बमोजिम गर्ने गराउने
४. समितिले गरेका प्रस्तुत निर्णयहरुको जानकारी महान्यायाधिवक्ताको कार्यालय, गृह मन्त्रालय, प्रहरी प्रधान कार्यालय र उच्च सरकारी वकिल कार्यालय पोखरामा पठाउने